बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, मकवानपुर

## शिक्षालय सुधार योजनाको कार्यान्वयन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२।०९।२९)

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत शिक्षालय सुधार योजनाको कार्यान्वयन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजनाको कार्यान्वयनको लागि छनोट भएका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) मातहतको आंगिक शिक्षालय, साझेदारी शिक्षालय, प्राविधिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयहरु (TECS) र प्राविधिक धार (९-१२) सञ्चालन भएका सामुदायिक विद्यालयहरुले मात्र तपसिल बमोजिम शर्तहरुका आधारमा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौंडा, मकवानपुरमा इमेल mosd.bagamati@gmail.com वा कार्यालय समयभित्र मन्त्रालयमा प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि १५ (पन्ध्र) दिनको यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत जानकारी, स्वीकृत विषयको विवरण र प्रस्तावको ढाँचा मन्त्रालयको वेबसाइट https://mosd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| कार्यक्रम | शर्तहरु |
|---|---|
| शिक्षालय सुधार योजनाको कार्यान्वयन कार्यक्रम | १. क्वालिटी परियोजनाको कार्यान्वयनको लागि छनोट भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरु मध्येबाट हुनुपर्नेछ।<br>२. सम्बन्धित शिक्षालय/विद्यालयहरुले मन्त्रालयमा पेश गरेको शिक्षालय सुधार योजनामा आधारित रही आ.व २०८२/०८३ को वार्षिक कार्यान्वयन योजना अद्यावधि गरेको हुनु पर्नेछ।<br>३. मन्त्रालय वा निर्देशनालयबाट नमूना टिभेट शिक्षण संस्था कार्यक्रम सञ्चालनको लागि छनोट नभएको । |
| | **प्रस्ताव सहित पेश गर्नुपर्ने कागजातहरु** |
| | १. प्रस्ताव पेश गर्ने शिक्षण संस्थाको निवेदन<br>२. स्वीकृत ढाँचामा तयार गरिएको प्रस्ताव,<br>३. कार्यक्रम कार्यान्वयन सम्बन्धमा शिक्षालय/विद्यालय व्यवस्थापन समितिको निर्णय<br>४. विद्यालयको शिक्षक स्टाफको कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय<br>५. आ.व.२०८२।८३ का लागि शिक्षालय/विद्यालय सुधार योजना (SIP) अध्यावधिक गरेको विद्यालय व्यवस्थापन समितिको निर्णय<br>६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,<br>७. प्रस्तावनामा उल्लेख गरिएको विवरण पुष्टि हुने थप कागजातहरु,<br>८. यस शीर्षकमा अन्य निकायबाट दोहोरो पर्ने गरी कुनै अनुदान नलिएको स्वःघोषणा पत्र। |

नोटः प्रस्ताव पेश गर्ने समयको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सार्वजिक विदा पश्चात कार्यालय खुलेको पहिलो दिनमा पेश गर्न सकिने छ ।

<u>थप जानकारीका लागिः</u>

श्री उपेन्द्र राई, शाखा प्रमुख, सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुर (९८६२८४४७२७)

श्री जिवन तामाङ, प्राविधिक संयोजक, क्वालिटी परियोजना सहयोग इकाई, हेटौंडा, मकवानपुर (९८४१२७०५३९)

२०८२।०९।२९